स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र 'द ब्लू लाइट' को पोस्टर सार्वजनिक गरिएको छ। सार्वजनिक पोस्टरमा चलचित्रका मुख्य कलाकार महेश त्रिपाठी, अर्पण थापा, बेनिशा हमाल, सृष्टि श्रेष्ठ र आयुशमान देशराज जोशीलाई देख्न सकिन्छ। सबै पात्रमा समानता देखिन्छ, त्यो समानता हो नैराश्यता। पाँचै जना पात्र निराश देखिएका छन्। फरक यति हो, महेशको हातमा बन्चरो छ।

**आजको विचार...**



न्यायिक... (दुई पेजमा)

प्रा.देवीभक्त ढकाल



अभिनेत्री प्रियंका कार्की हिजोआज रियालिटी शोसहितका टिभी कार्यक्रममा ब्यस्त छिन्। यसबीच, उनले एउटा महत्वपूर्ण घोषणा गरेकी छिन् अबदेखि पैसा र भोटिङ्ले निर्णय गर्ने शोको हिस्सा नहुने ! सन्दर्भ थियो- मंगलबार 'स्टुडेन्ट अफ द इयर' नामक शोको पत्रकार सम्मेलन। उक्त कार्यक्रममा प्रियंका र कन्टेन्ट क्रिएटर इभा गिरीलाई जजको रुपमा चिनाउने र बोल्ने कुरा तय थियो। पत्रकार सम्मेलनमा आयोजकसँग प्रश्नोत्तरको क्रममा एक आयोजकले शोमा भोटिङ पनि हुने बताए।

❒ वर्ष ३१ अंक ११३ ❒ २०८२ मंसिर ४ गते बिहीबार 20 November 2025, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### युक्रेनमा रूसी आक्रमण नौको मृत्यु

(रासस/एएफपी)

**युक्रेन,** मंसिर ३/शिचमी युक्रेनको टेर्नोपिलमा भएको रूसी आक्रमणमा नौ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको अधिकारीहरूले बुधबार बताएका छन् ।"टेर्नोपिलको आवासीय भवनहरूमा प्रहार हुँदा दर्जनौं मानिसहरू घाइते हुनुका साथै उनीहरुको मृत्यु भएको युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सामाजिक सञ्जाल मार्फत जनाएका हुन् । उनले आक्रमणको पुष्टि हुने गरी धुवाँले घेरिएका क्षतिग्रस्त भवनहरूको फोटो तथा भिडियो प्रकाशित गरेका थिए । "मानिसहरू भग्नावशेषमुनि फसेका हुन सक्ने समेत उनले उल्लेख गरे । मस्कोले पछिल्लो खसमयमा युक्रेनको ऊर्जा पूर्वाधारलाई लक्षित गर्दै दैनिक ड्रोन र मिसाइल ब्यारेजहरूले तीव्र आक्रमण गरिरहेको छ । पछिल्लो आक्रमणको लहरमा रूसले ४७० भन्दा बढी स्ट्राइक ड्रोन र विभिन्न प्रकारका ४८ वटा मिसाइल प्रक्षेपण गरेको जेलेन्स्कीले बताएका छन् ।

# किशोरकिशोरीमा 'बृहत् यौनिकता शिक्षा' आवश्यक

## कार्यान्वयनमा सहकार्य गर्न जोड

रामचन्द्र रायमाझी

**पाल्पा,** मंसिर ३/किशोरकिशोरीहरुमा बृहत्त यौनिकता शिक्षा आवश्यक रहेको एक कार्यक्रमका सहभागीहरुले औल्याएका छन् । किशोरावस्था भावनामा बहकिने, के सही र के गलत छुट्याउन नसक्ने संवेदनशील उमेर भएकाले जथाभावी बहकिन नदिन र सही निर्णय लिन सक्ने बनाउन यौनिकता शिक्षा आवश्यक रहेको औल्याइएको छ ।

बुधबार नेपाल परिवार नियोजन संघ पाल्पा शाखाको आयोजना, युएनएफपीए नेपालको सहयोग र तानसेन नगरपालिकाको सहकार्यमा भएको बृहत् यौनिकता शिक्षालाई संस्थागत गर्न बसेको सरोकारवालाको समन्वय बैंठकका सहभागीहरुले अहिलेको अवस्थामा बृहत्त यौनिकता शिक्षा आवश्यक रहेको ठहर



गरेका हुन् । उनीहरुले किशोरकिशोरीलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राख्न यौन र यौनिकता शिक्षा जरुरी रहेको उल्लेख गर्दै यसको कार्यान्वयनमा सरोकारवाला सबै सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड समेत दिए । विद्यालयका पाठ्यक्रमदेखि कानूनमा पनि यौनिकता शिक्षालाई समावेश गरिएको भए पनि सामाजिक मूल्य मन्यता, सामाजिक कारण लगायत व्यक्तिले आृनो यौनिकताको निर्णयमा स्वतन्त्र हुन नसकेकाले यसलाई कार्यान्यनको चरणमा लैजान सबै सरोकारवालाहरुबिच सहकार्य हुनुपर्ने बताइएको छ । कार्यक्रममा तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बृहत् यौनिकता शिक्षासम्बन्धी नेपालमा रहेका कानुनी र कार्य क्रमिक रूपमा भएका व्यवस्थाको कार्यान्वयनमा सबै सरोकारवालाले मिलेर काम गर्नुपर्ने बताए । उनले यौनिकता शिक्षा कार्यान्वयनमा तानसेन नगर सरकार प्रतिवद्ध भएर लागेको उल्लेख गरे । नगर प्रमुख श्रेष्ठले भने "हामीले शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर ठूलो लगानी गरेका छौं । तर यो सडक, पुल जस्ता क्षेत्रमा गरेको लगानीको प्रतिफल जस्तो जस्तो भर्खरको भर्खर देखिदो रहेन छ । त्यसैले पनि हामीले शिक्षा र स्वास्थ्यको क्षेत्रमा गरेको लगानी नदेखिएको हो ।" उनले सरोकारवाला निकायहरुसँग सहकार्य गरी विद्यालय तहमा बृहत् यौनिकता शिक्षा पुऱ्याउने प्रतिवद्धता समेत जनाए । परिवार नियोजन संघ पाल्पा शाखाका प्रबन्धक सोवाकान्त न्यौपानेले कार्यक्रममाथि प्रकाश पार्दै साथी शिक्षा र यौनिकता शिक्षाको विषयमा जानकारी गराएका थिए । उनले लिंग, लैंगिक पहिचान, लैंगिक भूमिका, आकर्षण, यौनानन्द, प्रजनन् यौनिकता आदि यौन शिक्षाका विषय भएको बताए । उनले यौनिकतासम्बन्धी ज्ञान र व्यवहारमा परिवर्तन ल्याउने प्रक्रिया यौनिकता शिक्षा भएको भन्दै अहिलेको अवस्थामा यो किशोकिशोरीहरुमा आवश्यक रहेको उल्लेख गरे । प्रबन्धक न्यौपानेले भने "यौनिकता भनेको यौन सम्बन्ध होइन, यौन सम्बन्धका बारेमा हाम्रा विचार, मूल्यमान्यता, धारणा र दृष्टिकोण हो । तर, यसलाई सभ्यता, इज्जतको नाममा खुलेर बोल्ने र छलफल गर्ने गरिँदैन । धेरै किशोरकिशोरी यौन विषयका बारेमा साथी, सञ्चारमाध्यम तथा अन्य माध्यमबाट थाहा पाउँछन् । तिनमा यौनका रहस्यमयी विषय मात्र देख्छन् । त्यसले फरक सूचना र मान्यता सिकाउँछ । यौनिकताको गलत बुझाइले यौन कौतुहलता झन्झन् बढाउँछ । कौतुहल बढ्दा कोही यौन हिंस्रक बन्न सक्छन् । कोही यौन हिंसाका सिकार हुन्छन् । *-बाँकी अन्तिम पेजमा...*

**बालअधिकारको रक्षा गरौं ।**

-माया, ममता, संक्षण, स्वास्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासको अवसर पाउनु प्रत्येक बालबालिकाको अधिकार हो,

-बालअधिकारको रक्षा गरौं,

-बालबालिकाको जन्मदर्ता अनिवार्य गरौं,

-शोषण, दुर्व्यवहार र बालश्रमबाट बालबालिकालाई बचाऔं,

-घर, विद्यालय र समाजमा सुरक्षित र प्रेमपूर्ण वातावरण बनाऔं,

-बालअधिकारप्रति संवेदनशील बनौं,

-बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिऔं । बालअधिकार सुनिश्चित गरौं, उज्ज्वल भविष्यको निर्माण गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

# घरमा धारा छ, पानी आउँदैन

**गलकोट (बागलुङ),** मङ्सिर ३/ विसं २०७६ मा बागलुङको जैमिनी नगरपालिका-६अर्जेवास्थित सुम्सागाउँमा लिफ्टमार्फत 'एक घर एक धारा' सेवा पुऱ्याइयो । कालीगण्डकीको पानीलाई लिफ्ट मार्फत सो गाउँका एक सय ३२ घरमा वितरण भएपछि स्थानीयवासी दङ्ग परे । तत्कालीन समयमा घरमै खानेपानीको धारा आउँदा खुसी बनेका सुम्सावासीको खुसी दुई वर्ष पनि टिकेन ।

लिफ्ट खानेपानीले निरन्तरता पाउन नसक्दा अहिले खानेपानीको हाहाकार छ । प्राविधिक गडबढी, बाढीपहिरो र चट्याङका कारण घरको धारामा पानी आउन नसकेको सुस्सावासीको भनाइ छ । घरको धारा हेरेर गाग्रीमा पानी बोक्नुपर्ने अवस्था सुम्सावासीको छ । लिफ्टमार्फत सम्पन्न खानेपानी आयोजना दिगो नहुँदा आँगनमा धारा हुँदासमेत खानेपानी बोक्नुपर्ने अवस्थामा पुगेको सुम्साका स्थानीय कोपिला थापाले बताएन् । उनका अनुसार आँगनको धारामा असारयता पानी आएको छैन । "सुम्सामा खानेपानीको समस्या आजको होइन, मुहान नहुँदा हिउँदमा त



खानेपानीको चरम सङ्कट थियो, खानेपानीको मुहान नहुँदा नेवा र जैमिनी नगरपालिकाको सहयोगमा गाउँमुनिको कालीगण्डकी छेउबाट पानी ल्याएर धारामा खस्यो", उनले भनि, "लिट योजनाको भर नहुनेरहेछ, कहिले चट्याङले विद्युतका उपकरण बिग्रन्छन् त कहिले पहिरोका कारण खानेपानीको पाइप बगाउँछ, पाँच महिना भयो धारामा खानेपानी आउँदैन, गाग्रीमा मानडाँडाबाट आएको मुहानको पानी बोक्छौं, समस्या पहिलाको जस्तै भयो ।" विसं २०७६ मा नेवा, जैमिनी नगरपालिका र स्थानीयको जनसहभागितामा ८३ लाख खर्चेर सम्पन्न गरिएको आयोजनामा पटक-पटक समस्या आएपछि स्थानीय चिन्तित छन् । सुम्सा खानेपानी तथा स्वास्थ्य सरसफाइ आयोजनाका सचिव लालमाया पुनले आयोजना सम्पन्न भइसकेपछि तीनपटक समस्या आइसकेको बताइन् । उनले पहिराले मुहानको संरचना बगाएपछि बनाएको भए पनि पछिल्लो समय पहिराका कारण खानेपानीको पाइप बगाउँदा पुनः समस्या भएको बताइन् । "आयोजना सम्पन्न नहुँदै मुहान बाढीले बगायो, पुनर्निर्माण गरेपछि खानेपानी आयो, पछि चट्याङका कारण ट्रान्समिटर जल्यो, अहिले पहिराले पाइप बगाएपछि खानेपानी आएको छैन, नगरपालिकाले समेत मर्मत गरेको थियो, तर लिफ्ट योजना दिगो नहुनेरहेछ", पुनले भनिन् । आयोजनामा समस्या आएपछि नगरपालिकाले चार लाख ६५ हजार खर्चेर मर्मत गरी चलाएको भए पनि अहिले पुनः समस्या भएको जैमिनी नगरपालिकाका प्रमुख नरबहादुर पुनले जानकारी दिए । उनले विद्युतको भोल्टेज अनियमित हुँदा उपकरणमा क्षति भएको बताए । उनले विद्युतमा एकरुपकता ल्याउन सबस्टेशन चाहिने रहेछ, त्यसका लागि पहल भइरहेको बताए । सुम्सावासीले मानडाँडाको मुहानको पानी पालो पर्खेर गाग्रीमा बोकेर गुजारा चलाउँदै आएका छन् । लाखौं खर्चेर बनाइएको योजना खेर जान नदिने नगरपालिकाको भनाइ छ । नगरपालिकाले आयोजनाको दिगोपनाका लागि काम गर्ने नगरप्रमुख पुनले बताए । ---रासस

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विश्व बाल दिवसको सान्दर्भिकता

प्रत्येक वर्षाको नोभेम्बर २० तारिखका दिन विश्व बाल दिवस मनाउने गा।रन्छ । यस वर्षाको दिवस आज विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदै छ । संयुक्त राष्ट्रसंघको आह्वानमा प्रत्येक वर्ष यो दिवस मनाउने गरिएको हो । सन् १९५४ नोभेम्बर २० मा विश्वभरिका बालबालिकाहरुको आधारभूत आवश्यकता पूरा गरी उनीहरुलाई शान्ति र राहत उपलबध गराउने उद्देश्यले यो दिवस मनाउने गरिएको छ ।

बालबालिका प्रकृतिका सुन्दर संरचना हुन, आमाबाबुका सुनौला सपना हुन्, समाज र राष्ट्रका भविष्यका संवाहक पनि हुन् । बालबालिकाविनाको समाज कल्पनासम्म गर्न सकिँदैन । आजका बालबालिका भोलिका आमाबाबुका सहारा र राष्ट्रका कर्णधार हुन् । वास्तवमा भन्ने हो भने कुनै पनि देशको भविष्य उनीहरूको उमेरसँगै बढिरहेको हुन्छ । त्यसैले बालबालिका वा उनीहरूको समस्या कुनै एक व्यक्ति वा विषयसँग मात्र सम्बन्धित नभई सबै क्षेत्र, वर्ग, समुदाय, पेसा, समाज र आममानिसको सरोकारको विषय हो । त्यसकारण सबै बालबालिकाहरूको भविष्य उनीहरूको उमेरसँगै बढिरहेको हुन्छ । नेपाल लगायत विश्वभरी सरकार लगायत विभिन्न संघ संस्थाले बाल दिवस मनाउने गर्दछन । यद्यपि राष्ट्रिय बालदिवस मनाउनुको एउटा सकारात्मक पक्ष त देखा परेको छ तर बालदिवस औपचारिकतामा मात्रै सीमित रहेको छ । यो भने दुःखको कुरा हो । बालदिवस आफैमा एउटा महत्वपूर्ण दिवस हो ।

आज पनि विश्वका धेरै बालबालिकाहरु कुपोषणको शिकार भइरहेका छन्, कतिपय देशमा भइरहेको द्वन्द्वका कारण असुरक्षित छन्, सामान्य रोगका कारण अकाल मृत्युवरण गरिरहेका छन् भने शिक्षा तथा खानाको अभावमा नारकीय जीवन बाँच्न बाध्य छन् । यस्तो अवस्थामा विश्वभरिका जिम्मेवार सरकार तथा जनता र देशका प्रतिनिधिहरुलाई खबरदारी गर्दै बालबालिकाको जन्मसिद्ध अधिकारको प्रत्याभूति गराउनु यो दिवसको सार्थकता हो । खासगरी अविकसित तथा विकासशील देशमा बालबालिका अझै पनि असुरक्षित छन् । उनीहरुबिरुद्धका अपराधका घटना भइरहेका छन्, अपहरणमा पारिएका छन् भने कति मारिएका पनि छन् । तर, नेपाल र नेपाल जस्ता देशहरुमा बाल अधिकारको अवस्थामा आशा गरे अनुरुप परिवर्तन हुन सनेको छैन । बाल अधिकार संरक्षण, प्रवर्द्धन र पूर्णताका निम्ति हाम्रो सरकारले अपेक्षित सफलता प्राप्त गरेको छैन । बालमैत्री सोच, व्यवहार र कानूनको सही कार्यान्वयन गर्दै उन्नत मुलुक निर्माणको संकल्प यात्रामा समाहित हुन सके मात्र यो दिवस मनाउनुको सार्थकता रहन्छ ।

## Opinion @ Social Network

आज गार्हो छ चल्नै पर्छ
भोलि झन गार्हो हुन्छ
सहनै पर्छ पर्सी त सुन्दर छ पर्खनै पर्छ ।

(निरुता क्षेत्रीको फेसबुक स्टाटसबाट www.facebook.com/Niruta.xettrai)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# न्यायिक स्वच्छता, तटस्थता र निष्पक्षताको खडेरी



**प्रा.देवीभक्त ढकाल**

नेपालको सिंगो न्याय प्रणालीमा आज स्वच्छता, निष्पक्षता, तटस्थता, विश्वास र नैतिकताको चरम खडेरी छ । यो भनाइ अतिरञ्जित र भावनात्मक किमार्थ होइन । यो दैनिक जीवनमा अनुभव गरेका र वर्षौंदेखि भोगिएका ऐन-कानुन, अदालतका निर्णय, प्रहरी अभियोजन र राजनीतिक हस्तक्षेपका शृंखलाबद्ध तथ्यहरूद्वारा स्थापित यथार्थ हो । लोकतन्त्रको मेरुदण्ड न्याय प्रणालीका आत्माका रूपमा कार्यरत न्यायाधीशहरूको स्वच्छता, निष्पक्षता, तटस्थता, जनविश्वास र नैतिकता हो । न्यायालयको कार्य सम्पादन जस्तो निष्पक्ष, तटस्थ, स्वतन्त्र, स्वच्छ साथै नैतिकताको कसीमा उच्च ठहरिएका व्यक्तिमात्रै न्यायाधीश नियुक्तिका लागि योग्य हुनुपर्ने वैश्विक मान्यताका विपरीत धनलगानी गर्नसक्ने र राजनीतिक पार्टीका कार्यकर्ताहरू सर्वोच्च अदालत जस्तो गरिमामय संस्थामा नियुक्त गर्ने र नियुक्ति लिनेहरूबाट न्यायालयको निष्पक्षता, स्वच्छता, तटस्थता र विश्वसनीयताको चीरहरण गरिएको अवस्थामा न्याय जस्तो वस्तु किनबेच र हेराफेरी हुने विषय यहाँ लोकलज्जाको विषय किन बन्दैन ? वर्तमान अवस्थामा सर्वोच्च अदालतका प्रधानन्यायाधीश लगायत अन्य न्यायाधीशहरूको चरित्रलाई गहिरिएर हेर्ने हो भने प्रायःजसो न्यायाधीशहरूका निधारमा पार्टीको नाम नै प्रष्ट पढ्न सकिन्छ । कसरी हुन्छ न्यायालय तटस्थ र निष्पक्ष ? अब यस्तो परिस्थितिमा स्वच्छ, निष्पक्ष न्यायको वकालत गर्नेहरूलाई नेता भन्ने कि न्यायका बिचौलिया भन्ने ? जहाँको न्यायालयको नेतृत्वमा नै न्याय बिचौलियाहरू छन् भने त्यो देशमा न्यायको स्वच्छता, तटस्थता, निष्पक्षता र विश्वसनीयताको के हविगत होला ? न्यायाधीश नियुक्तिमा भागबण्डा, रकम असुली र चरम राजनीतीकरणले न्याय प्रणालीको मेरुदण्ड कमजोरमात्रै होइन ध्वस्त छ । यहाँ राम्रो र योग्य व्यक्ति होइन हाम्रो व्यक्तिलाई नियुक्त गरिन्छ ।

न्यायालयमा अहिले न्याय दिने न्यायाधीश कुन पार्टीका कार्यकर्ता हुन् ? कुन नेतालाई भनसुन गर्न लगाउँदा मुद्दा जितिन्छ भन्ने मनोविज्ञानका साथ न्यायालयमा न्याय खोज्न जानुपर्ने अवस्था भनेको न्यायालयको चरम राजनीतीकरण हो । यो न्यायालयको न्यायिक मर्यादा र प्रतिष्ठाको लिलामी हो । न्यायाधीश छनौट प्रक्रियामा भएको त्रुटिले न्यायालयहरू अन्यायालयमा रूपान्तरित छन् । न्यायको भिख नेतासँग माग्नुपर्ने अवस्थामा न्यायिक निष्पक्षता, तटस्थता र स्वच्छताको हविगत के होला ? यसको मुख्य कारण भ्रष्टाचार र दलीयकरण हो । न्यायाधीशको छनौट र नियुक्तिमा खुलेयाम मोलमोलाई र आफ्ना पार्टीका र कोटेरी साथै गुटका कार्यकर्ता भागबण्डामा हुने नियुक्तिका कारण अहिले न्याय प्रणालीमा इतिहासमै नभएको निष्पक्षता, स्वच्छता, तटस्थता, नैतिकता र विश्वसनीयताको नितान्त खडेरी छ । न्यायालयलाई गरिएको चरम राजनीतीकरण, भागबण्डा र पदको मोलमोलाइले न्यायालयहरूलाई खड्ग ओली, पुष्पकमल दाहाल र शेरबहादुरहरूले न्यायालयको बचेखुचेको स्वच्छता, विश्वसनीयता र निष्पक्षतालाई अपहरण गरे । न्यायालयको निष्पक्षता, स्वच्छता, तटस्थता र विश्वसनीयताको अपहरणका कारण यी तीनैजनाको पद, प्रतिष्ठा आदिलाई जेनजी युवाहरूले अत्यन्तै छोटो समयमा खरानी बनाए ।

अहिले यी तीनैजनाको सरकारी पद, पार्टी पद र संसदीय पद युवाहरूले अपहरण गरेका कारण अहिले समुद्रमा राइदाइँ गर्दै आएका माछालाई पानी बाहिर फालिएको अवस्थामा खड्ग ओली बर्बराएका छन् भने पुष्पकमल आफू जेनजी आन्दोलनको पूर्वयोजनाकारको हैसियतमा रहेको हावादारी गफ दिँदैछन् र शेरबहादुर किंकर्तव्य विमूढको अवस्थामा मौन छन् । नेपालमा अहिले यिनीहरू तीनैजना अति भएपछि खति हुन्छ भन्ने उदाहरणीय र घृणाका पात्र भएका छन् । न्यायाधीश-अभियोजक-प्रहरी-वकिल र राजनीतिक नेतृत्वबीचको अस्वस्थ सहजीकरणले वर्तमानमा न्याय प्रणालीमात्रै होइन राजनीतिक प्रणाली नै संकटग्रस्त छ । जहाँ न स्वच्छता छ न निष्पक्षता छ न तटस्थता छ न नैतिकता छ न विश्वास छ । यी कुरा हराएको देशमा अब प्रजातान्त्रिक शासन व्यवस्थामा संकट मडारिने विषय स्वाभाविकै हुन्छ । यिनको खडेरीको मुख्य कारण नै चरम राजनीतिक हस्तक्षेप हो । न्यायाधीशहरूको नियुक्ति, पदोन्नति, सरुवा साथै संवेदनशील मुद्दाको दर्ता वा खारेजी जस्ता तमाम विषयमा पार्टीगत दबाबले न्यायालयहरूलाई नेताहरूले निजी अदालत जस्तो बनाए । हिजो न्याय खोज्न गोर्खा जानुपर्ने मान्यतालाई अहिले न्याय खोज्न नेताहरूको घरघरमा र पार्टी कार्यालयमा जानुपर्ने अवस्था र व्यवस्थाका कारण नेतृत्व सर्वाधिक आलोचित छ । त्यसको प्रमाण हो जेन-जी आन्दोलन । यस्ता कुरा केवल कागजमा र नेताहरूको भाषणमा सीमित हुँदा न्यायालयहरूलाई नेतृत्वले अन्यालयमा परिणत गरेकाले अहिले नेतृत्वमा रहने नेताहरूका साथै न्यायालय र न्यायाधीशहरूले जनविश्वास गुमाएका छन् । व्यवहारमा न्यायाधीश नियुक्ति गर्ने आफ्नो सम्बन्धित पार्टीको नेतालाई कसरी खुशी पार्ने भन्ने प्रश्नले सबै न्यायाधीशहरू थिचिएका छन् । राजनीतिक शक्ति केन्द्रको दबाब र शक्ति- सन्तुलनको खेल अदालतसम्म आइपुगेपछि न्यायको धरोहर स्वतःक्षतिग्रस्त हुन्छ । नेपालमा राजनीति न्यायालयको पछाडिको ढोकाबाट होइन, मुख्य ढोका हुँदैभित्र पस्छ । दबाब, सम्झौता, पहुँच, फोन-यी सबैले अदालतलाई नीति र पद्धतिमार्फत भन्दा नेता अनुसार चल्ने साधन बनाएका छन् । यो अवस्था कुनै अनुपयुक्त दुर्घटना होइन, यो संगठित सत्ता-सिण्डिकेटको दीर्घकालीन परियोजना हो । जब सर्वोच्च अदालत र उच्च अदालतहरूमा न्यायाधीशको नियुक्तिको र भागबन्डाको प्रचलन स्थापित भयो त्यसपछि वकालतमा कमजोर तर बिचौलियाको काममा पोख्तहरूले अब जतिसुकै घुस दिएर पनि न्यायाधीशमा नियुक्ति लिन थाले । लोकसेवाको कठिन परीक्षा पास गरेर जागिरमा प्रवेश गर्नेहरू उपसचिवसम्म पुग्न नपाउँदै लोकसेवा फेल भएर जिल्लामा वकालत गर्नेहरू नेताहरूको दौराको फेर र पैसाको बलमा पुनरावेदन अदालतमा न्यायाधीश हुन पुगेका घटना र दुर्घटनाको हामी सबै साक्षी छौं । लोकसेवाले उत्कृष्ट ठहऱ्याएको व्यक्ति पुनरावेदन नपुग्दै राजनीतिक नियुक्तिको झ्यालबाट प्रवेश गर्ने हिजो लोकसेवाले अयोग्य घोषणा गरेको व्यक्ति सर्वोच्च अदालतको न्यायाधीश हुँदै प्रधानन्यायाधीश भएर लोकसेवामा सर्वोत्कृष्ट ठहऱ्याएकालाई उसैले पदोन्नति गर्नेजस्तो लज्जास्पद अवस्था न्यायालयमा भित्र्याउनेहरूले न्यायालय र प्रजातान्त्रिक पद्धति दुबैको बद्नाम गरेका छन् । न्यायसेवामा असफल हुनेहरू राजनीतिक नियुक्तिका लागि अयोग्य हुने कानुनी व्यवस्था हुँदासम्म न्यायालयहरू सुँदैनन् । लोकसेवाको परीक्षामा सामेल भएका तर असफललाई राजनीतिक नियुक्तिबाट न्यायाधीश हुन प्रतिबन्धित नगर्दासम्म न्यायालयको अवस्था सुँदैन । लोकसेवाको परीक्षामा असफल भएपछि वकालतमा रहनेहरू सबै वकिल पेशाभन्दा पार्टीका कार्यकर्ता र नेताहरूका बिचौलियाका रूपमा कार्यकर्ताले न्यायाधीशमा नियुक्त हुन पार्टीमा दबाब दिने विषय अब अनौठो रहेन । परिणामस्वरूप पार्टीहरूबाट समानुपातिकमा हिजो माननीय हुनेहरू पनि अब सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त गर्ने र नियुक्ति लिने लज्जास्पद काम भयो । यसले अदालतको स्वच्छता, स्वतन्त्रता, निष्पक्षता, तटस्थता, विश्वसनीयता र नैतिकतालाई यस्तो प्रकारको नियुक्तिले ठाडो चुनौती दिने विषय स्वाभाविकै भन्नुपर्छ । अब पार्टी, पार्टी बीचको विवादमा न्यायाधीशहरू जुन-जुन पार्टीबाट नियुक्ति भएका छन् त्यहीँ पार्टीको निर्लज्जताका साथ पक्षपोषण गर्न थाले । अब जनताको पनि न्याय प्रतिको आशा र विश्वास गल्र्यामगुर्लुम्म ढल्यो । जब पार्टीका कार्यकर्ताहरू प्रधानन्यायाधीशको रोलक्रममा आए । उनीहरू देशको सर्वोच्च अदालतको प्रधानन्यायाधीश नभएर जुन पार्टीबाट न्यायाधीश सिफारिश भएका थिए त्यहीँ पार्टीको प्रधानन्यायाधीश बन्न पटक्कै लज्जाबोध गरेनन् बरु उल्टै गौरवान्वित भए । अब यस्तो न्यायालयले प्रजातन्त्रको मेरुदण्डको भूमिका निर्वाह गर्न नसक्दा पार्टीको आडमा न्यायाधीश, नेता, ठेकेदार सबैले भ्रष्टाचारलाई नै मुख्य पेशा बनाउँदा देशमा यत्रतत्र सर्वत्र भ्रष्टाचारको साम्राज्य निर्माण भयो । त्यो साम्राज्यप्रति युवाहरूको असन्तुष्टि र आक्रोश छताछुल्ल भयो २०८२ भदौ २३ र २४ गते । अब देशकै इतिहासमा अहिले यसअघि एमालेबाट समानुपातिकमा माननीय बनेकी एमालेकी कार्यकर्ता सपना प्रधान मल्ल प्रधानन्यायाधीशमा नियुक्ति हुने रोलक्रममा छन् । यस्तो दलीयकरणले नै न्यायालयको शाख समाप्त भएको हो भने यसले प्रजातान्त्रिक पद्धतिलाई पनि कमजोर बनाएको छ । दलीयकरण नै भ्रष्टाचारको कारण र परिणाम हो भने न्यायालयको पुनर्संरचना जस्तो महत्वपूर्ण विषयलाई सम्बोधनको प्रस्तावसम्म बहसमा ल्याउन नसक्ने जेनजीहरूबाट परिवर्तन र विकासको नेतृत्व किमार्थ हुँदैन । न्यायाधीशहरूले न्यायाधीशको शपथग्रहणपछि लस्कर लागेर पार्टी कार्यालयमा पार्टीका नेताहरूलाई धन्यवाद दिने जुन संस्कार बस्यो अब पनि त्यही जगमा प्रधानन्यायाधीश नियुक्ति हुन्छन् भने यो संविधान, व्यवस्थालाई कसरी र किन प्रजातान्त्रिक व्यवस्था भन्ने ? तसर्थ अब पनि कुनै पार्टीबाट माननीय भइसकेको व्यक्तिलाई प्रधानन्यायाधीशमा नियुक्त गरेर न्यायालय तटस्थ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय छ भन्ने हो भने यो आठौं आश्चर्य हुनेछ । अब पनि सर्वोच्चको प्रधानन्यायाधीश र न्यायाधीशको नियुक्ति पार्टी कार्याकर्तालाई गर्ने कि विद्यमान व्यवस्थालाई सच्याउने कि अझै सक्किने दोसाँधमा न्याय प्रणाली छ । स्वतन्त्रता, निष्पक्षता, तटस्थताको पहरेदार हुँ भन्ने, आफूलाई भ्रष्टाचारविरोधीको वकालत गर्ने सरकारले के यसलाई सच्याउने काम गर्न सक्छ ? कि न्याय प्रणालीलाई थप प्रदूषित बनाउँछ ? त्यसको परिणामको पर्खाइमा रहनुपर्ने दुर्भाग्यको सिकार नेपाली जनता कहिलेसम्म हुने ? दलीय भागबन्डामा आधारित न्यायाधीशहरूको उदयले न्याय प्रणालीको चार आधार निष्पक्षता, स्वच्छता, तटस्थता र विश्वसनीयता सबै कब्जामा छन् । दलीय भागबण्डाबाट उदाएको न्यायिक संरचनाले न्यायालयलाई एउटा पवित्र संस्थाबाट राजनीतिक परिकल्पनाको उपकरणमा रूपान्तरण गर्छ । यस्तो नियुक्तिले निष्पक्षता, स्वच्छता, तटस्थता जस्ता न्यायिक मूल्यहरूको संस्थागत अपहरण गर्छन्, विधिको शासनलाई कमजोर बनाउने दीर्घकालीन खतरा जन्माउँछ । न्यायिक सेवा नै राजनीतिक पक्षधरतामा निर्भर भयो भने अदालत राज्यको शक्तिशाली शाखा होइन, कार्यपालिकाको सहयोगी अंगमा रूपान्तरण हुने खतरा हुन्छ । यसले विधिको शासनको आत्मा नै टुट्छ । जब कानुनको शासन खस्कन्छ, त्यसले शासन व्यवस्थामा दीर्घकालीन अस्थिरता ल्याउँछ । सर्वोच्च अदालतमा दलीय भागबण्डामाको नियुक्ति एउटा साधारण राजनीतिक समस्या होइन-यो सम्पूर्ण राष्ट्रको लोकतान्त्रिक आधार र भविष्य र भाग्यसँग सम्बन्धित संरचनात्मक संकट हो । अदालतको स्वच्छता, निष्पक्षता, तटस्थता र विश्वसनीयता खस्किँदा विश्वास हराउँछ, विश्वास हराउँदा कानुनको शासन टुट्छ, कानुनको शासन टुटेपछि सुशासन, स्थिरता र आर्थिक विकासको अवस्था खड्गप्रसाद ओलीको सुखी नेपाली समृद्ध नेपाल नामक गफ जस्तै हुन्छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पुराना सम्झौताहरू भंग गर्नुपर्ला। आय आर्जनका नयाँ स्रोतहरू फेलापर्नेछन्। | **तुला** : जागिरको क्षेत्रमा सफलता मिल्नेछ। नगरी नहुने काममा बढी चासो दिनु पर्छ। |
| **वृष** : सरकारी संस्थाबाट लाभ मिल्नेछ। रोकिएका काम पुनः प्रारम्भ हुनेछन्। | **बृश्चिक** : समस्याको समाधान गर्न समय लाग्नेछ। रिस व्यक्त नगरेकै राम्रो हुनेछ। |
| **मिथुन** : आफ्नो अनुकूल बनाउन सक्नुहुनेछ। शिक्षाको क्षेत्रमा अवसर मिल्नेछ। | **धनु** : आर्जनका स्रोतहरू फेला पर्नेछन्। परिश्रम अनुसार उपलब्धि राम्रो पाइएला। |
| **कर्कट** :व्यापारमा सोचेजस्तो प्रगति नहोला। कार्यक्षेत्रमा दोहोराएर कार्य गर्नुपर्ला। | **मकर** : सेवामुलक कामबाट प्रसिद्धि प्राप्त हुनेछ। सामाजिक कार्यमा सफलता मिल्नेछ। |
| **सिंह** : कानुनी मुद्दा मामला सुल्झिनेछ। व्यावहारिक पक्ष सबल रहनेछ। | **कुम्भ** : समारोहमा सम्मिलित भइएला। नयाँ कामको जग बसाउने समय रहेको छ। |
| **कन्या** : मित्रहरूसँग स्नेहपूर्ण भेट होला। आत्मीयता झन् गहिरो हुँदै जानेछ। | **मिन** : वैदेशिक रोजगारमा सफलता मिल्नेछ। अध्यात्मतर्फ रुचि बढ्नेछ। |




कथा — विमल लामिछाने

# कुटीमा बलेको दियो



नेपाली संस्कृतिमा अढेको सुदूर पश्चिमको एउटा दूर्गम गाउँ, जहाँ बिहानको घामको किरण ढिलो गरी भूँइमा झर्दथ्यो र साँझसम्म आउँथ्यो । त्यस गाउँको विचमा खेतीकोलागि खोलिएको घुमाउरो र लामो कुलो थियो । कुलोको डिलैमा टाँसिएको एउटा फुसको छानो र चर्किएको ढोकावाल सानो कुटीमा बस्थे, बाबुराम र उनकी छोरी सुनिता । बाबुरामको जीवन गोधूली झैँ थियो, न उज्यालो, न पूरै अन्धकार । उनका सपनाहरू पनि घरमाथिको कुलोको पानीजस्तै निरन्तर बगिरहन्थे । तर कहिल्यै पूरा भएनन् । श्रम र संघर्ष त बाबुरामका सहयात्री नै हुन् । जीवनको सौन्दर्य खोजीको धूपमा तप तप पसिना झर्थ्यो । टुप्पी समेत पलाउन नसक्नेगरी खुइलिएको तालु कहिलेकाहीं पोल्थ्यो पनि । तर जीवनमा सौन्दर्यको विहानी ल्याउने इच्छाशक्ति भने हटेको थिएन । उनकी श्रीमतीलाई त गरिबीले नै खायो । न औषधि समयमा पर्याप्त पाइन्, न आहार नै । केही वर्षअगाडि उनले रोग, शोक र भोकको पीडासहित संसार छाडेर गइन् । यो विछोडले दिएको पीडाको ढकनी बाबुरामले अझै उघार्न सकेका छैनन् । अलिमाथि खत्री साहुको कृषि फर्ममा बाबुरामको सानोतिनो नोकरी छ । उनले नोकरीको ठूलो हिस्सा छोरी सुनिताको पढाइमा खर्चेका छन् । बचत भएको पैसाले दु:खले परिवारको गुजारा चलेको थियो । छोरी सुनिता पाँच कक्षामा पढ्छिन् । उनलाई पढ्न मन त धेरै लाग्छ, तर कहिलेकाहीँ कापीमा अक्षरहरू धुमिलिन्छन् । बल्दै गरेको दीयोमा बर्तन सकिन्छ । दैनिकी चल्नै कठिन थियो । अभावकै कारण पेट र सपनाबीच सन्तुलन मिलाउनु बच्चा मनस्थितिका लागि कहिलेकाहीँ भारी हुन्थ्यो । तिहार नजिकिँदै थियो । गाउँभरि झिलिमिली लाइट, देउसीभैलोका रियल्र्सल, बजारमा भीडभाड । मानिसहरू सजावटका सामान र नयाँ कपडा किनिरहेका थिए । मिठाइका पसलहरूबाट तेलसँगै पीठो र चिनीको गन्ध फैलिरहेको थियो । तर बाबुरामको कुटीमा तिहार एउटा मौन सम्झनाको कथा जस्तै छ । पीडाले पोतिएको, मौनताले ढाकिएको । करसा र पिँढीका कुनाहरुमा मखमली ढकमक्क छन् तर मन बचैन छ । एक साँझ सुनिताले चम्किलो स्वरमा भनिन्, ‘बाबा, हामी पनि झिलिमिली बत्तीका लहराले घर सिँगारौं न । मैनबत्ती बालौँ न । सबै साथीहरूलेको तिहारमा घर झिलिमिली हुन्छ रे ! छिमेकीहरु पनि उज्यालोको रमझममा नाचेका छन् । मस्तीमा छन् सबै ।’ बाबुरामले छोरीतिर हेरे । थकित आँखा, झुलिरहेको अनुहारमा मुस्कानको झल्को आयो, ‘छोरी, हाम्रो तिहार फरक हुन्छ । हामी बत्ती होइन, उज्यालो मनले तिहार मनाउँनु पर्छ ।’ बाबुरामको साहित्यले सुनिताको बाल मष्तिस्कलाई छुन सकेन । बरु उल्टै बाबाको बुझाइप्रति खिन्नता प्रकट गर्दै कोल्टे फेरिन । त्यो रात बाबुराम चुपचाप ढोका बन्द गरेर पल्टिए पनि निदाउन सकेनन् । सुनिताका आशातित आँखामा देखिएको एउटा सानो निराशाको लप्कोले उनलाई भतभती पोलिरहेको थियो । नोकरीबाट आएको पैसापनि तिहार अगाबै छोरीको परीक्षा शुल्क तिरेका थिए । बाँकी रहेको केही पैसा छरछिमेकमा तिरोभरो गर्न पनि अपुग थियो । बिहान सबेरै उठे । भारी मन । उनले पुरानो झोला काँधमा हालेर नजिकैको बजार चोकतिर हान्निए, पैसाको खोजीमा । तिहारको छुट्टी भइसकेको थियो । बजारमा काम भेटिने छाँटकाँट नदेखेपछि पुन: उही खत्री साहुँ सम्झिए । उनीसँगै अनुनय विनय गरे । केही समय पसिना बगाउने मनसाय पोखे । तर साहुले नसुने झै गरेपछि बाबुराम मनमनै कुँडिए, ‘खत्रीसाहु त कामका भोका न हुन् । गरिबको अनुनय त उनीहरुलाई जोक्करको नखरा जस्तो लाग्छ ।’ तरपनि बाद्यता थियो, भोली पनि खत्रीसाहुलाई बाबुरामको पसिना चाहिने सम्झिएर काम दिए । दिनभरको टन्टलापुर घाममा भर्खरै बाँझो पल्टाएको साहुको टारबारीमा मलका भारी पोखे । पसिना झारेर जीवनको एउटा सानो उज्यालो किन्ने उनको इच्छा मनभरी तैरिएको थियो, जस्तोसुकै कडा परिश्रम पनि यो बेला उनकोलागि बाद्यताको मुखारी बनेको थियो । भोक र थकान पत्तै भएन । साँझ घर फर्किंदा उनको हातमा दुई थान साना मैनबत्ती थिए, आधा किलो चिनी, र कुलामाथिको डाँडाबारी दमाई दाइका गोठको बलेँसीबाट छिमेकी दमेनी कान्छीले टिपेर तिहार मनाउन थमाईदिएको एक मुट्ठी बोडी, करेला र एकझुप्पो सयपत्री फूल । किनेको होइन, छिमेकीको भावना बुझेर थमाइदिएको त्यो बोडी, करेला र फूलको झुप्पो बाबुरामका लागि अमूल्य थियो । उनी घर फर्किए । मैनबत्ती, चिनी र फूलको झुप्पो छोरी सुनितालाई थमाइदिए । साँझ सुनिता फूलको माला गाँथिरहेकी थिइन् । उनका साना औंलाहरू धागोमा फूल उनिँदैगर्दा बाबुरामको मनमा एउटा चेतना आयो, संसारको सबैभन्दा सुन्दर सजावट भनेकै ‘खुशी’ हो, त्यो पनि बालापनको निष्कलंक ‘खुशी’ । भनिन्छ, हरेक बाबुआमाको सन्तुष्टी छोराछोरीको खुशीमा छचल्किएको हुन्छ । बाबुछोरी भित्र पसे, दीयो बाले र मैनबत्तीको उज्यालोमा बाबुरामले सुनितालाई टिका लगाइदिए, अनि लक्ष्मी सम्झिएर ढोगीदिए । दुई मैनबत्तीको मधुरो उज्यालोमा लक्ष्मीपूजा सकियो । त्यो साँझ गाउँभरी मैनबत्ती बलेको थियो, सहरमा विजुली बत्तीका लहराको थुप्रो थियो । तर साँचो तिहार न त बत्तीको संख्या थियो, न मिठाइको महक । साँचो तिहार त त्यो अनुहार थियो, जहाँ बाबुले छोरीको हाँसो हेरेर जिउन चाहन्छन् । त्यहीँ लक्ष्मीको बास थियो, जहाँ बाबुरामले बगाएको पसिनामा लक्ष्मी मुस्कुराएकी थिइन् । त्यो दृष्टि लक्ष्मीको थियो, जहाँ बोडी, करेला र सयपत्रीको झुप्पो उपहार आाएको थियो । छिमेकीले छिमेकीको दर्द बुझ्नसके उज्यालो केवल करेन्टले हैन, करुणाले पनि जन्मिन्छ । बाबुरामलाई लाग्छ, तिहारको सन्देश पनि यही हो । शरीर र मनको सफाई, माया र ममताको उज्यालो, अनि जीवनप्रति समर्पणको श्रद्धा । दीप पैसाले किनेर होइन, भावना साटेर बाल्नुपर्छ, ताकि उज्यालो भित्रबाट फूटोस् । घरको भित्तामा खोपीमा राखिएको पुरानो रेडियोमा देउसी गीत बजिरहेको थियो, आँगनमा ओल्लो पल्लो घरका साना नानीहरु भेला भएर ‘भैलो रे…भैलो रे… भनिरहेका थिए । त्यो स्वर हावाको गतिसँगै तरंगित भएर कुटीको चिसो भित्ताबाट टुक्रिँदै भित्र पस्दै थियो । सुनिताले थालमा चिनी र अलिकति चामल राखेर छिमेकीहरूसँगै भैलो गाइन् । छिमेकी दिदीहरु हाँस्दै बोले, ‘ओहो ! सुनितापनि आएकी ! भैली त मिठो गाउँदी रहिछ्यौ’ । बाहिरको संसार झिलिमिली थियो, रंगीचंगी थियो । तर त्यो रंगहरूभित्र कतिपय अनुहारहरू थाकेका थिए, नमीठो मौनताले भरिएका थिए । बत्ती त बलेकै थियो, तर उज्यालो चमक थिएन । बाबुरामको कुटीचाहिँ सानो थियो, अध्यारो थियो, तर भित्र पारशमणीको ज्योति झै चमक दिने उज्यालो थियो, जसको एउटै कारण हो ‘छोरीको खुशी’ । जहाँ छोरीको हाँसोमा बाबुले सारा पीडा र गरिबीको थकान पनि भुलेको थियो । त्यो रात बाबुरामले बुझे, तिहार झिलिमिली बत्तीले होइन, ममताको उज्यालोले रमाइलो बन्दोरहेछ । बत्तीको प्रकाश क्षणिक हो, तर छोराछोरी (परिवार)को मुस्कान सदाबहार अनि सार्थक रहेछ । छोरी रेडियोको तालमा स्वर मिसाउँदै थिइन्, बाबुराम लय थप्तै छोरीको खुशीमा थपडी बजाएर रमाइरहेका थिए ।

***-समकालीन साहित्य डटकम***

निबन्ध — डा. गोविन्दराज भट्टराई

# जेन्जीको नाममा एक निबन्ध

जर्मन दार्शनिक फ्रेडरिक नित्सेलाई कतिले एक साहसी चिन्तक मानेका छन् किनभने उनले सन् १८८२ मा ‘द गे साइन्स्’ भन्ने कृति लेखे जसको उद्देश्य थियो मानिसले जीवनका जटिलताहरू र यसले भोग्ने अनिश्चितताहरूलाई सहजै भोग्न, स्वीकार्न सिकून्, सकून् । तीबाट आनन्द लिन सिकून् । आफ्नो ‘स्व’ लाई केन्द्रमा राखेर सिर्जनशील बन्न साहित्य रच्न थालून् । उक्त गे साइन्स् कृतिको मूल उद्देश्य ता मानिस कविता/संगीत (साहित्य) तिर लागून् भन्ने हो । उक्त कृतिमै ‘ईश्वरको मृत्यु’ (द डेथ अव् गड) को घोषणा गरे । आजभन्दा डेढ सय वर्षअघि नै ‘ईश्वरको मृत्यु भइसक्यो’ भनेर लेख्नु, दाबी गर्नु एउटा डरलाग्दो दुस्साहस थियो । पछि उनको ‘दस स्पेक जराथ्रुष्ट’ (जराथ्रुष्टले यसो भने) भन्ने कृतिमा पनि त्यसको विस्तार छ । जराथ्रुष्ट भनेका ईसापूर्वका जोरोष्ट्रियन धर्मका संस्थापक हुन् । यो प्राचीन फारसमा स्थापित एकेश्वरवादी धर्म हो । नित्सेले उनलाई गुरु माने त्यसैले नित्सेमाथि धार्मिक अनि आध्यात्मिक समाजले भयंकर आक्रमण गर्‍यो । अझै पनि उनको त्यस भनाइका आलोचकहरू थुप्रै छन् । प्रत्येक प्रबुद्ध समाजमा अन्ध समर्थन र अन्ध विरोध निरन्तर चल्ने कुरा रहेछन् । प्रत्येक मानिसलाई भाषाको हतियार प्राप्त छ, यो उनै ईश्वरको हतियार मानिसलाई प्राप्त भएका हो । भुत्ते नहुन्जेल मानिस त्यो चलाइरहन्छन् । वास्तवमा ईश्वरका मृत्युको सहज कल्पना पनि गर्न नसकिने कुरा हो । यी एक अनिश्वरवादीले आँट गरेरै त्यसो भने । त्यसो त यो जगत ईश्वर मान्ने, नमान्ने र दोधारे सबैको साझा आँगन हो, तिनको समर्थन र विरोध पनि भाषाले गर्ने हो । त्यही भाषिक हतियार चलाएर मानिस-मानिस फुकाल्ने र जोडनेहरू छन् । भाषाले, धर्मले, भूगोलले, जातिले जोड्ने फुकाल्नेहरू रातो दिन आफ्ना कर्ममा व्यस्त छन् । सबभन्दा बढी ता राजनीति गर्नेहरू लागेका छन् । मानिसहरूलाई विवेक शून्य बनाएर जोड्ने फुकाल्नेमा उनीहरू सदा समर्पित छन् । नेपालले नित्य यही धर्मको पालना गर्दैछ । विश्वमा पाँच प्रतिशत जति अनिश्वरवादी छन् भन्दछन् । उनीहरूको भनाइ छ– ईश्वरका अस्तित्वको अनुभवजन्य (इम्पिरिकल) प्रमाण कतै छैन । फेरि प्राकृतिक घटना-परिघटनाका लक्षणलाई वैज्ञानिक आधारमा व्याख्या गरेर जगतको लक्षण बताउन सकिने हुनाले ईश्वरीय व्याख्याको आवश्यकता पर्दैन । त्यसैगरी सर्वज्ञ ईश्वर एकातिर, यो पापाचार र अधर्मले भरिएको जगत अर्कातिर देखिन्छ ! ईश्वर भएको भए यस्तो ता नहुनु पर्ने हो । त्यसैले नास्तिकहरू मानवको ( सभ्यताको) क्रमिक विकास अर्थात् उद्विकासमा विश्वास गर्दछन्, विवेक र तर्कले युक्त भयो भने मानवमा अनुकम्पा र नैतिकताको भाव स्वत: उत्पन्न हुन्छ, धर्मको पालना गर्नु पर्दैन, ईश्वरको आराधना गर्नु पर्दैन भन्ने तर्क प्रस्तुत गर्दछन् । तर एउटा कुरा के छ भने संसारमा धर्मको अस्तित्व अपरिहार्य देखिन्छ र यसमा पनि अति विविधता छ, ईश्वरका पनि बहुरूप छन् । प्रत्येक जातिका ईश्वरीय उदयकाल र ब्रह्माण्डीय अस्तित्वका परिकल्पनाहरू पनि बेग्लाबेग्लै छन् । मानिसका कर्म अनुसार न्याय, दण्ड, पुरस्कार प्राप्त गर्ने (कल्पित) बाटा र विधि फरक फरक छन् । जसरी जसरी माने पनि नमाने पनि केही फरक परेको छैन । प्रत्येकका जगत् सृष्टिका सिद्धान्त र ब्रह्माण्डिकी (कस्मोलोजी) बेग्ला बेग्लै छन् । त्यसैले कुन मान्यता प्रामाणिक होला ? कुन व्याख्या अन्तिम वा परम सत्य होला ? कुन असत्य ? छुट्याउने आधार छैन । केवल धर्मान्धता र आ-आफ्ना शास्त्र, ग्रन्थ वा व्यावहारिक परम्पराद्वारा स्थापित विश्वास । नित्सेले मानिसलाई यही धर्मान्धताबाट जोगाउने प्रयत्न गरे तर त्यो कुरा असम्भव रहेछ किनभने मानिस सधैं नै अन्धकूपहरूमा डुबेको हुन्छ । धर्म, संस्कृति विशेषगरी राजनीतिको । त्यसो त नित्सेभन्दा २६ वर्ष जेठा कार्ल मार्क्सले अघि नै धर्मलाई ‘अफिम’ भनिसकेका थिए तर यी दुईका दार्शनिक उद्देश्यमा ठूलो भिन्नता छ । ईश्वरको टुङ्गो लाउन खोज्यो भने मान्छेको जीवन लीला अन्यसम्मको कुटाकुट र आफूभित्रको भ्रान्तिमै समाप्त हुन्छ । त्यसैले नित्सेले जागेर भने– ईश्वरको मृत्यु भइसकेको छ । तर यो धारणा एक्लै अडिएको छैन, यसले अनेक सूत्रहरू उक्काउँछ । उनले विशेषगरी आफ्नै समाजलाई चलाउने परम्परागत धर्म र नैतिकताको पूरा आलोचना गरेका छन् । तिनले बहुआख्यानका मुख खोल्दछन् । उनको धारणा छ आफ्नो धर्मको (खासगरी क्रिश्चियानिटीको) नैतिकतामा खिया परिसक्यो । त्यसैले यस धर्मले व्याख्या गरेको सत्य चाहिँ आधुनिक समाजमा तर्कसंगत र टिकाउ छैन । त्यसैले उनले व्यक्तिगत स्वतन्त्रता र आफ्नो कर्तव्यमा जोड दिँदै भनेका छन् “तिमी आफैं आफ्नो मूल्यको सिर्जना गर, आफ्नो जीवनमा सुहाउने गरी आफ्नै अर्थ लगाऊ ।” नित्सेका यस्ता धारणाले आधुनिक विचारधारामा ठूलो प्रभाव पार्‍यो जसले पाश्चात्य जगतमा ( विश्वभरि) अनिश्वरवादी कोणबाट सोच्न र अस्तित्ववादमाथि चिन्तन गर्न मानिसलाई प्रेरित गर्‍यो । उनको धारणा कुनै धर्म गुरुको झैं कुनै अन्धविश्वासी वा मताग्रही नभएर प्रत्येकको व्यक्तिगत स्वतन्त्रतालाई प्रेरित गर्दै, उसैलाई त्यसको उत्तरदायित्व दिँदै मानिसले जीवनमा आफ्नै मूल्य र अर्थको निर्माण गर्न सक्षम बनाओस् भन्ने छ । मलाई पनि उनको यो पक्षले गहिरो गरी छुन्छ । यद्यपि हाम्रो तहको मानिसलाई अन्धविश्वासले बेहोश पार्ने गरी लट्याउन त सक्तैन, किनभने यो मनको अर्को सन्देहशील पाटो पनि सधैँ सजग रहन्छ । तर त्यसको छायाले यदाकदा झुक्याउने र लोकाचारको अभ्यासमा लडाएर डल्लो पार्ने मात्रै हो किनभने हामी पूरै असामाजिक बन्न पनि सक्तैनौं । सामाजिकता भित्र पस्ने बित्तिकै अनेक नैतिक बन्धन र तिनले निर्मित परिवेशले झ्याप्पै छोप्छ । जस्तै नमान्नेले होस् आधाउधी अन्धविश्वासको पालना नगरी नहुने हुन्छ । किनभने मानिस सामाजिक प्राणी हो भन्ने अन्तिम सत्यलाई कसैले प्रतिस्थापित गर्न सकेको छैन । अंग्रेजीमा एक उखान छ, “एउटा काँधमा देवदूत अर्कामा शैतान बोकेर” हामी दौडिरहेछौं । नित्सेकै अस्तित्ववादी दर्शनले फ्रान्सेली सार्त्र, कामु, काफ्का जस्ता चिन्तकहरू पनि प्रभावित भए । अस्तित्ववादको अमर किल्ला बनाए । नित्सेको सर्वाधिक महत्वपूर्ण सूत्र छ– विल टु पावर– “मानवले आफू भित्रको सिर्जना शक्ति र वैयक्तिकता (आत्मत्व) प्रकट गर्ने कोशिश गर्नु, त्यसमा शक्ति लगाउनू । जुन व्यक्तिले आफ्नै मूल्य अर्थात् जीवनको अर्थ सिर्जना गर्छ त्यो ‘सुपरम्यान’ हो अर्थात् एक महानायक ।” तर सबै मानिसलाई सधैं सामान्यताले निल्छ । समाजका अनेक स्वरूपमा मडारिँदै, अनेक स्वरूपका कर्ममा पस्तै निस्कँदै ती कहिल्यै नटुङ्गिने कर्मले उनीहरूलाई निल्छन् र उनीहरू टाढाको कुरालाई अर्थात् भिन्न चेतनालाई आफ्नो लक्ष नजिक ल्याउनै सक्तैनन्, सामान्य र विशेष बीच भेद गर्न सक्तैनन्, चिन्तनको पक्ष तिखारेर चम्किने पारेर राख्न सक्तैनन् । झुक्किएर कोही कोही मात्रै नत्र सबै सांसारिकताले ठोकेर भुत्ते बनाइएका हुन्छन् । भुत्ते हतियारको लागि केराको थाम र सखुवाको मूढो बराबरै हुन् । नित्सेले जगतलाई बाँच्ने तरिका पनि बताए– लिव् डेन्जरस्ली भनेर । जसको अर्थ हुन्छ आफ्नै पाराले खतरापूर्ण तरीकाले बाँच्न सिक । लोलोपोतोमा अविश्वसनीय कुरामा नअल्झ । जीवनका अनिश्चिततालाई अंकमाल गर्दै, संकटहरूबिरुद्ध लर्दै बाँच्न सिक तर व्यक्तिगत स्वतन्त्रता र सिर्जनात्मकताको पक्षमा लर्दै बाँच । कुनै वाह्य शक्तिमा भर नपरी परम्परागत मूल्यहरूमा अडेसा नलागी, तिनको सट्टा आफ्नो मार्ग आफ्नै विवेकले आफैं निर्माण गर्दै बाँच्न सिक । उनको विचारमा आत्मशक्ति अर्थात् आत्म-संयमले युक्त व्यक्ति आत्म-विजय आर्जन गर्न दृढ प्रतिज्ञा हुनुपर्छ । त्यसको अर्थ मनमा सिर्जनात्मक बीज वा तिर्खा, त्यसको लागि दृढताले बलियो पारेको मन निर्द्वन्द्व भावले नित्य उम्लिरहोस् भन्ने हो । अन्य सारा बिर्सनोस्, भूल्नोस्, त्याग्नोस् ‘खतरापूर्ण बँचाइ’ सिक्नुहोस्, त्यति हो । आफ्नो जीवन निर्माण गर्ने उत्तरदायित्व लिएर त्यसैमा लाग्नु नै विल टु पावर हो, इच्छा-शक्तिलाई अविजेय तागतले भर्नु हो । लुम्रो भएर समाजले रचेका खेलमा, स्वीकृतिमा लाग्नु भयो भने जीवन कठपुतली खेलमै समाप्त हुनेछ । हेर्दा रमाइलो छ तर अर्थहीन । तर सबै यी अन्तरप्रेरणाका कुरा हुन् । यी सबै स्वनिर्णयका । मान्छेको फदयलाई दोहोर्‍याएर फलाम/इस्पात पार्नु असम्भव जत्तिकै मुश्किल छ । ऊ भीड रमाउने अन्धकूपबाट पाखा निस्कनै सक्तैन, जान्दैन । त्यसैले गर्न हुने र नहुने कर्म पनि छुट्टिँदैनन् अरूले अराएको, कराएको, सुसेलेको भरमा हामी लाठा, खुकुरी र बन्दुक भिरेर दौडेका छौं । तर यस्तो समाजमा पनि एक जीवन लागेर गरिरहँदा केही त अवश्य हुन्छ । आज म आफैंलाई सम्झिन्छु, जीवनको ससानो रूखो बारीमा उम्रेको फलको लुइरे बिरुवा रहेछु म । आफैंले आफ्नो गोडमेल गर्दै आफैंलाई खान पुग्ने बोटसम्म भएछु आज भन्ने लाग्छ । मेरा सात दशक एक तपस्यामा बिते । बाह्र वर्षको उमेरदेखि घर छोडेको पचास वर्ष भएर बल्ल आफ्नै घरमा बास बसेँ, आफ्नालाई बसाएँ । अट्ठाईसको उमेरमा सँगै उठ्न, भिड्न, कुद्न तत्पर जीवन-सँगिनीसँग भेट भएर हामीभित्रको विल टु पावर अलिक बौरियो अनि फुल्न, फल्न सक्यो । भाइबैनीले चतुर्दिक गति पक्रे । छोरीहरू वाञ्छित दिशामा आफ्नै पखेटाले उड्ने भए । सबै सफलताको लक्ष्य ताकेर उड्दैछन् । लाखौं विद्यार्थी चढ्दै छन्, कोही आफ्नै बगैंचा ताकेर, कोही ढिकुटीमा आँखा गाडेर । जीवन यही घनघोर जंगलमा उड्नु रहेछ । म धेरै फुर्किन्न तर एउटा कुरा अवश्य भन्छु– मलाई पनि नित्सेको यो उपदेशले अलिकति छोएजस्तो लाग्दैछ । बर्सेर आज दुवैतिर गरिएका कर्महरू मानिसले होइन एआईले गरेका थिए भनिदिनु पर्ने दिन आएको छ । भयले नित्य आक्रान्त इतिहासका पात्र हामी ! धन्य खतरापूर्ण तरीकाले बाँच्न सिकेरै यतिसम्म बाँचिएछ । तर नित्सेले भने झैं स्वविवेकले रोजेको खतरापूर्ण बँचाइ होइन, यो त आफ्नै राष्ट्रका सत्ताधारीहरूले अक्षुण्ण राखेको विद्रोह, ध्वंसयुक्त भय र असुरक्षाबीचको लिव् डेन्जरस्ली ।

***-साहित्यपोस्ट डटकम***


# आज विश्व बाल दिवस मनाइँदै




**पाल्पा,** मंसिर ३/नेपालसहित विश्वभर विविध कार्यक्रम गरी आज विश्व बाल दिवस मनाईदैछ । संयुक्त राष्ट्रसंघको आह्वानमा सन् १९५४ देखि हरेक वर्ष नोभेम्बर २० का दिन बालबालिकाको पक्षमा अन्तर्राष्ट्रिय एकता, सचेतना तथा हितको पक्षमा वकालत गर्दै यो दिवस मनाउने गरिएको हो ।

सन् १९५९ को नोभेम्बर २० कै दिन संयुक्त राष्ट्रसंघको महासभाले बालअधिकार सम्बन्धी घोषणा पत्र स्वीकार गरेको थियो । आमा-बुवा, शिक्षक, नर्स, डाक्टर, सरकारी निकायका प्रमुख, नागरिक समाज, धार्मिक तथा जेष्ठनागरिक समाजका सदस्यले बालअधिकारको पक्षमा भूमिका निर्वाह गर्न सक्ने विज्ञले बताएका छन् । नेपालले संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धिलाई सन् १९९० मा हस्ताक्षर गरेको थियो । बाल अधिकार महासन्धि पारित भएपछि बालबालिकाहरूको अधिकार संरक्षणका लागि विश्वव्यापी सुनिश्चितता प्राप्त भएको थियो । नेपालले बाल अधिकार सम्बन्धी महासन्धिमा हस्ताक्षर गरेर आफ्नो प्रतिवद्धता पूरा गरे पनि बाल अधिकारको अवस्थामा भने सोचेजस्तो परिवर्तन देखाउन सकेको छैन । बाल अधिकार सम्बन्धिका अन्य प्रतिबद्धताहरूको समूचित कार्यान्वयन हुन सकेको छैन । बालअधिकार संरक्षण, प्रवर्द्धन र परिपूर्तिको सन्दर्भमा नेपाल सरकारले अधिकारप्राप्त निकायहरुबाट प्राप्त गरेका सिफारिसहरुलाई समयमै कार्यन्वयन गर्न सकेको छैन । बालबालिकाको क्षेत्रमाकाम गर्ने सरकारी तथा गैरसरकारी संस्थालाई दिवसका दिन भ्याइ-नभ्याई नै हुने गरेको छ । तर बालबालिकाको विकास, सहभागिता र बाल अधिकार संरक्षण कागज र नारामै सीमित छ । उचितस्याहार सुसार, शिक्षा, स्वास्थ्यजस्ता आधारभूत बाल अधिकार पनि बालबालिकाले पाउनसकेका छैनन् । बाल अधिकार हनन् हुन नदिने तीनै तहका सरकारका योजना कार्यान्वयन नहुँदा बालश्रम कायमै छ । सडक बालबालिकाको उद्धार र पुर्नस्थापना पनि कागजमै सीमित छ । बालबालिकामाथि हुने विभिन्न घटना तथा हिंसा अझै पनि उस्तै छन् । सरकारले अहिलेसम्म बालबालिकाको क्षेत्रमा कुनै पनि खास अध्ययन अनुसन्धान गरेको पाईदैन । बरु उसले प्रत्येक वर्ष सार्वजनिक सञ्चार माध्ययममा आएका घटना समेटेर सार्वजनिक गर्दै आइरहेको छ । सरकारी तथ्याङ्क भन्दा धेरै घटना भने अझै समाजबाट बाहिर आउन सकेका छैनन् । तर पनि सार्वजनिक भएका तथ्याङ्कलाई हेर्दा चिन्ताजनक अवस्था रहेको पाइन्छ ।

# विश्व दर्शनशास्त्र दिवस मनाइँदै




**पाल्पा,** मंसिर ३/आज विश्व दर्शनशास्त्र दिवस विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । दर्शनशास्त्रको राष्ट्रिय, अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरमा रहेको प्रतिबद्धता नवीकरण गर्न, हरेक वर्ष नोभेम्बर महिनाको तेश्रो बिहिवार यो दिवस मनाइन्छ ।

सन् २००५ देखि युनेस्कोको पहलमा यो दिवस मनाउदै आइएको हो । दर्शन र यसको अर्थ, औचित्य र महत्वबोध गर्ने/गराउने ध्येयले लेखिएका दर्शनसम्बन्धि विश्लेषण र संश्लेषणले भरिएका दर्शन-दिग्दर्शनका ज्ञानहरुका शास्त्रहरुको उच्च मूल्याङ्कन, संरक्षण र संरक्षण गर्दै दर्शन र दर्शनशास्त्रको गरिमा र महिमा बोध गर्न-गराउनका लागि आजको दिन यो दिवस मनाउने गरिएको पाइन्छ । अहिलेको समयमा विश्वका कुना कन्दरामा मानवताले सामना गर्दै आएका समस्याहरुलाई अनुसन्धान र अध्ययनहरु गरेपश्चात, त्यसको दार्शनिक विश्लेषणगरि आएका चुनौतीहरुलाई अधिक प्रभावकारी ढङ्गले हल तर्फ लैजाने कार्यक्रमहरुलाई आजको यस दिनले बढावा दिने गरेको छ । ज्ञान, सिद्धान्त, विचार र दर्शनजस्ता महत्वपूर्ण कुराहरुको अवमूल्यन र उपेक्षा हुन गैरहेको र यीनको अध्ययन-अनुसन्धान, चिन्तन-मनन्, लेखन-प्रकाशन र प्रचार-प्रसार समेत घट्दै गइरहेको तथा यिनले मार्गदर्शन गरेका कुराहरुको कार्यान्वयनतर्फ पूर्ण अरुची बढिरहेको आजको यो स्थिति र सन्दर्भमा दर्शनशाश्त्र दिवस तोकिनु, मनाइनु, दर्शन र दर्शनशास्त्रको मर्म-महत्व बोध गर्नु/गराउनु र सो अनुसार जीवनदर्शन बनाई जीवन-व्यवहार सञ्चालन गर्नु अझ बढी जरुरी महत्वको कुरा भएको छ । वास्तवमा दर्शन भनेको ज्ञानको आँखा हो, ज्ञान भनेको जीवन सञ्चालन गर्ने, जीवन र जगतलाई सत्मार्गमा लगाउने अर्थात् सत्यम, शिवम, सुन्दरम्को प्रत्याभूति दिने आन्तरिक शक्ति र विज्ञान नै हो ।

## खेलकुद समाचार

### विराटनगरको पोखरामाथि ५३ रनको जित



**काठमाडौं,** मंसिर ३/सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा कीर्तिमानी रन बनाएको विराटनगरले पोखरा एभेन्जर्सलाई ५३ रनले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुवात गरेको छ । मंगलबार विराटनगरले दिएको २२१ रनको लक्ष्य पछ्याएको पोखरा १८.५ ओभरमा १६७ रनमा अलआउट भयो । ओनपिङ ब्याटर दिनेश खरेल ७ रनमा आउट भए पनि एडम रोसिङटन र कप्तान कुशल भुर्तेलले उत्कृष्ट ब्याटिङ गर्दै पोखरालाई लोभलाग्दो सुरुवात दिएका थिए। दुईबीच दोस्रो विकेटका लागि ५.२ ओभरमा ७६ रनको साझेदारी भएको थियो । रोसिङटन ३९ रनमा शुभम रन्जनेको बलमा सातौं ओभरको अन्तिम बलमा एलबिडब्लूको धरापमा परेका थिए । उनले त्यसअघि २१ बलमा ५ चौका र २ छक्का प्रहार गरे । तर आठौं ओभरको दोस्रो र चौथो बलमा विराटनगरका कप्तान सन्दीप लामिछानेले जिमी निशम र तृतराज दासलाई डकआउट गरेपछि विराटनगर खेलमा फर्कियो । विराटनगरले पाँच बलको अन्तरमा तीन विकेट लिएपछि पोखरा संकटमा पर्‍यो । त्यसपछि पोखराका किरण ठगुन्ना ८ रन र अभिषेक तिवारी ११ रनमा आउट भए । त्यतिबेला कप्तान कुशल भुर्तेलले अर्धशतक प्रहार गरेका थिए । तर उनले साझेदारी पाउन सकेनन् । भुर्तेलले ५९ रन जोड्ने क्रममा ३१ बलमा ५ चौका र ४ छक्का प्रहार गरे । यस्तै मार्ट टेलर र आकाश चन्द ४-४ रनमा पेभिलियन फर्के । डान डाउथवेटले २० बलमा २९ रन बनाए । बलिङमा विराटनगरका मार्स्याङ डि लाङग, सन्दीप लामिछाने, शुभम रन्जने र प्रतिश जिसीले २-२ विकेट लिए ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से सामान्य अङ्कले घट्यो



**पाल्पा,** मंसिर ३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । बुधबार नेप्से परिसूचक चार दशमलव ९८ प्रतिशतले घटेर दुई हजार ५६१ दशमलव शून्य आठको बिन्दुमा कायम भएको हो ।

बुधबार ३३८ कम्पनीको ८३ लाख ८८ हजार ३७३ कित्ता शेयर ५० हजार ६२६ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ७७ करोड ८६ लाख ३२ हजार ७७१ बराबरको कारोबार भएको छ । कारोबारमा होटल तथा पर्यटन, उत्पादन तथा प्रसोधन, सामूहिक लगानी र व्यापार समूहबाहेक सबै समूहको उपसूचक घटेका छन् । बुधबारको कारोबारमा माबिलुङ्ग इनर्जी लिमिटेड, दरमखोला हाइड्रोइनर्जी लिमिटेड, सागर डिस्टिलरी लिमिटेड, हिमस्टार उर्जा कम्पनी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड, सान्भी इनर्जी लिमिटेड, झापा इनर्जी लिमिटेड र बन्दीपुर केबलकार एण्ड टुरिजम लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी गुमाउनेमा कर्पोरेट डेभलपमेन्ट बैंकको शेयर रहेको छ । कारोकार रकमको आधारमा वरुण हाइड्रोपावरको सबैभन्दा बढी रु २७ करोड ४० लाख ४४ हजार ४२१ बराबरको करोबार भएको छ ।

## किशोरकिशोरीमा...

...यही कारण पछिल्लो समय किशोरीमाथि धेरै यौन हिंसा भएका घटना पनि सार्वजनिक भएका छन् । यसलाई रोक्न यौनिकता शिक्षा आवश्यक छ ।" यौनिकता शिक्षाको प्रवर्द्धन गर्न आफुहरुले स्थानीय सरकारसँग सहकार्य गर्दै आएको उनले बताए । तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरीले यौनिकता शिक्षालाई वृहत्त ढंगले हेर्न जरुरी रहेको बताए । उनले विद्यालय तहमा यौनिकता शिक्षा, मनोपरामर्श कार्यक्रम गर्न नगर सरकार तयार रहेकाले विद्यालले त्यसको वातावरण मिलाइदिनुपर्नेमा जोड दिए । कार्यक्रममा प्याब्सन पाल्पाका अध्यक्ष डासुँराम पन्त, दमकडा माविका प्रअ मोहन सापकोटा, सरस्वती माविका प्रअं शंकर पौडेल, जनता नमूना माविका प्रअ हरी घिमिरे, महेन्द्रबोधी माविका शिक्षिका विजया पन्त, तानसेन नगरपालिकाका शिक्षा शाखा प्रमुख कोपिला न्यौपाने, नगरपालिकाका जनस्वास्थ्य निरीक्षक चन्द्रतारा बस्याल लगायतले यौन र यौनिकता शिक्षा जरुरी रहेको उल्लेख गर्दै यसको कार्यान्वयनमा सबै सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा नगर भित्रका विद्यालयहरुका शिक्षक, शैक्षिक संघसंस्था, स्वास्थ्य संस्था, सञ्चार माध्यम, जनप्रतिनधि लगायतको सहभागीता रहेको थियो । तानसेन नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत चेतनाथ गिरीको अध्यक्षता, परिवार नियोजन संघ पाल्पा शाखाका कार्यवाहक सभापति माधव अर्यालको स्वागत, संघका कार्यसमिति सदस्य कमल बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**तानसेन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**सार्वजनिक सुनुवाई सम्वन्धी तानसेन नगरपालिकाको सूचना**

प्रस्तुत विषयमा चालु आ.व. २०८२/०८३ को यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयनको सन्दर्भमा प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा आयोजना गरिएको हुँदा सरोकारवालाहरु नगरवासी, टो.वि.सका पदाधिकारी, उपभोक्ता समिति, निर्माण व्यवसायी, उद्योग व्यवसायी, शिक्षक, सञ्चारकर्मी, राजनीतिक दल, महिला/आमा समुह, सामुदायिक संघ संस्था, गै.स.स, नागरिक समाज, युवा वालक्लव, कृषि तथा सहकारी समुह लगायत सम्पूर्णमा उपस्थितिको लागि अनुरोध छ ।

**तपसिल**
**मिति : २०८२/०८/०६ गते**
**समय : दिनको १.०० बजे**
**स्थान : ता.न.पा वडा नं. १४ वडा कार्यालयको सभाहल ।**

**प्रमुख प्रशासकीय अधिकृत**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई